आज मिति २०८२/०९/१८ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CamScanner

**प्रस्तावहरुः**

१. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत सम्बन्धमा ।

२. नगर खेलकुद बिकास समितिको म्याद थप सम्बन्धमा ।

३. वैदेशिक रोजगारी सन्तती छात्रवृति सम्बन्धमा ।

४. नेपाल पर्यटन बोर्डको साझेदारीमा संचालित योजनाको समपुरक रकम बिनियोजन सम्बन्धमा ।

५. दशरथचन्द नगरपालिकाको आ.ब. २०८२/८३ को लैंगिक उत्तरदायी बजेट साँकेतिकरणको नतिजा तथा आगामी कार्ययोजनाको बिषयमा छलफल सम्बन्धमा ।

६. लैंगिक हिँसा न्यूनीकरण तथा पारिवारिक सम्बन्ध सुधारका लागि यस जोडी सम्बाद कार्यक्रम संचालन सम्बन्धमा ।

७. अनुदानको रासायनिक मल बिक्रेता नियुक्ति सम्बन्धमा ।

८. न्यायिक समितिबाट पेश गरिएको फैसला कार्यान्वयन सम्बन्धमा ।

९. बहुउद्देश्यीय भवन भाडामा लगाउने सम्बन्धमा ।

१०. गोठलापानी धन्तोला आईत बाडीलेक सार्वजनिक बाटो सम्बन्धमा ।

११. प्रदेश शशर्त अनुदान अन्तर्गतका रु. १० लाख भित्रका योजनाहरु कार्यान्वयन सम्बन्धमा ।

१२. आर्थिक सहयोग सम्बन्धमा ।

१३. बिबिध बिषय सम्बन्धमा ।

**निर्णय न. १**

यस नगरपालिका र श्री Bhumi Engineering Consortium Nakhhudobato, Lalitpur बीच महाकाली नदीको द.न.पा. ०६ स्थित सेरा बगर क्षेत्र, द.न.पा. ०८ नलतडी बगर क्षेत्र र द.न.पा.१० बुरकिल, तिर बगर क्षेत्रबाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) उत्खनन् तथा निकासी ठेक्का लगाउन प्रारम्भिक वातावरणीय परिक्षण (IEE) निर्माणका लागि सम्झौता भएको र श्री Bhumi Engineering Consortium Nakhhudobato, Lalitpur ले सो कार्य सम्पन्न गरी मिति २०८२/०८/२६ गते पेश गर्नु भएको प्रतिबेदन यस नगरपालिकाको सँक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ परिच्छेद ५ दफा १४ अनुसार गठित प्राबिधिक समितिको बैठकबाट अध्यन छालफल भई पेश गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. २**

पालिकाको खेलकुदको समग्र विकास गर्न, खेल प्रतिभाहरुको पहिचान र विकास गर्नका लागि नगर स्तरीय खेलकुद सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७९ को दफा ४ बमोजिम गठित नगर खेलकुद विकास समितिको कार्यकाल मिति २०८२/०९/१७ गते समाप्त भएकोले समितिका अध्यक्ष र सदस्यहरुको पदावाधि अर्को कार्यकालको लागि थप गर्ने निर्णय पारित गरियो।

**निर्णय न. ३**

श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा गई तोकिएको अवधिमा मृत्यु, अगंभगं वा विरामी भई वैदेशिक रोजगार वोर्ड कल्याणकारि कोषबाट शत प्रतिशत आर्थीक सहायता प्राप्त गरेका कामदारहरुका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृतिका लागि मिति २०८२/०७/०३ गते वैदेशिक रोजगार बोर्डको सचिवालय बाट प्रकाशित सूचना बमोजिम यस नगरपालिका वडा न. ०१ गुरुखोला स्थित श्री महारुद्र दिव्य गुरुकुल एकेडेमी, बैतडी मा अध्ययनरत पुर्निमा धामीको वैदेशिक रोजगारमा मृत्यु भएको परिवारसंग नाता रहेकोले निजलाई छात्रवृति प्रदान गर्न विद्यालयबाट सिफारिस भई आएकोले उक्त आवेदकलाई छात्रवृतिको लागि वैदेशिक रोजगार बोर्डको सचिवालयमा पठाउने निर्णय पारित गरियो ।

**निर्णय न. ४**

नेपाल पर्यटन बोर्डबाट आ.ब. २०८२/८३ को बजेट तथा कार्यक्रममा यस नगरपालिका वडा न. ०८ स्थित त्रिपुरासुन्दरी पर्यटक धर्मशालामा पर्यटक सुबिधा बिस्तारका लागि रु. ५ लाख बिनियोजन गरिएको र उक्त योजनामा पालिकाको २५ प्रतिशत योगदान (म्याचिग फन्ड) हुने व्यहोरा सम्झौतामा उल्लेख भए बमोजिम रु. १२५०००/- समपुरक शिर्षिकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. ५**

दशरथचन्द नगरपालिकाको आ.ब. २०८२/८३ को लैंगिक उत्तरदायी बजेट साँकेतिकरणको नतिजा र स्थानीय तहमा लैंगिक उत्तरदायी बजेट तर्जुमाका लागि तयार गरिएको कार्ययोजनाका बिषयमा छलफल भई कार्ययोजना अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न. ६**

यस नगरपालिकाको सातौ नगर सभाबाट स्वीकृत लैंगिक हिंशा न्यूनीकरण तथा पारिवारिक सम्बन्ध सुधारका लागि जोडी सम्बाद कार्यक्रम यस नगरपालिकाका वडा न. ९,१० र ११ का नागरिक सहभागी गराउने गरी वडाको समन्वयमा २ स्थानमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. ७**

दशरथचन्द नगरपालिकामा आ.ब. २०८२/८३ मा अनुदानको रासायनिक मल बिक्रि वितरण गर्नका लागि मिति २०८२/०८/२८ गते प्रकाशित सुचना अनुसार सहकारी संस्था/फर्म हरुबाट पेश भएका प्रस्तावहरु दशरथचन्द नगरपालिका स्थानीय तह मल वितरण ब्यबस्थापन समितिको बैठकबाट छनौट भई आएका तपसिलका संस्था/फर्म हरुलाई अनुदानको रासायनिक मल बिक्रेता नियुक्तिका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | बिक्रेताको नाम | ठेगाना | सम्पर्क न. | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | श्री जय किशान ब.उ.सहकारी संस्था लिमिटेड | द.न.पा.०४ | ९७६२२९१२२९ | द.न.का. वडा न. ४,५,६,८ र १० |
| २ | माया प्रकाश एग्रोभेट | द.न.पा. ०१ | ९८४८७८९४४४ | द.न.पा. वडा न. १,२,३,७,९ र ११ |

**निर्णय न. ८**

दशरथचन्द नगरपालिका वडा नं.२ देहिमाण्डौं घर भई हाल द.न.पा.वडा न.१० माईती घर वस्ने दिपक वहादुर बोहराको श्रीमती नारु बोहरा बादी,प्रतिवादी जिल्ला बैतडी द.न.पा.वडा नं.२ देहिमाण्डौं वस्ने करविर बोहराको छोरा दिपक वहादुर बोहरा भएको जिवन निर्वाह खर्च दिलाई पाउँ भन्ने मुद्धामा बादी पक्षका नारु वोहराले प्रतिवादी भनिएका दिपक बोहराले,राष्ट्रिय किताबखाना (प्रहरी ) वाट निवृत्तिभरण अधिकार पत्र क्र.सं. १०२३७७३ ,राष्ट्रिय बाणिज्य बैकं ,धनगढीमा रहेको खाता नं. ४१७०१००००२२८५०१८ वाट मासिक रु. १४,८०९। (चौध हजार आठ सय नौं ) रकम बरावरको निबृत्तिभरण रकम प्राप्त गर्दै आई रहेकोमा हाल खाईपाई आइ रहेको पेन्सन रकम रु १४,८०९ (चौध हजार आठ सय नौ) लाई १ भाग मानी उक्त १ भाग लाई बराबर सात भाग गरि, सात भाग मध्ये उक्त पेन्सनमा हक लाग्ने प्रतिवादीको जेठी पत्नी वादी नारु बोहरा तथा वादी नारु बोहरा र प्रतिवादी दिपक बहादुर बोहराका २ जान छोरा र १ जना छोरी समेत गरी जम्मा चार भाग वादी नारु बोहराले पाउने गरी वादी दाबी पुग्ने गरी निर्णय भएकाले निर्णय कार्यान्वयन गर्नु भनी सम्बन्धित निकायमा पत्राचार समेतको कार्य गर्नु भनी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५२ बमोजिम दशरथचन्द नगरपालिका न्यायिक समितिवाट मिति २०८०/०९/२९ गतेमा फैसला भए बमोजिम फैसला कार्यान्वयनका लागी सम्वन्धित निकायमा लेखी पठाउने निर्णय गरिन्छ ।

**निर्णय न. ९**

दशरथचन्द नगर पालिका वडा न. ०४ गोठलापानी स्थित बहुउद्देश्यीय भवनको निर्माण कार्य सम्पन्न भई सम्बन्धित निर्माण ब्याबसायीबाट नगरपालिकामा हस्तान्तरण समेत भई सकेकोले उक्त भवनलाई भाडामा लगाउन न्युनतम दररेट निर्धारणका लागि राजस्व परामर्श समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

CamScanner

**निर्णय न. १०**

यस नगरपालिकाको वडा न. ०४ गोठलापानी बजार बाट वा. ५ आईत बाडिलेक जाने सार्वजनिक बाटोमा केहि व्यक्तिहरुले घर टहरा निर्माण गरेको जनगुनासो सहित सो क्षेत्रका जनताहरुले बाटो खुलाई पाउ भनि लिखित निवेदन पेश गरेकोमा यस कार्यालय बाट नापी कार्यालयको प्राबिधिक सहयोगमा स्थलगत निरीक्षण/सर्वेक्षण गर्दा सार्वजनिक बाटोमा घर टहरा निर्माण गरीएको देखिएकोले सो क्षेत्रमा सार्वजनिक बाटोमा पर्ने भौतिक संरचना हटाउन नियमानुसार सुचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय न. ११**

चालु आ.ब. २०८२/८३ मा यस नगरपालिकालाई प्रदेश सरकारबाट हस्तान्तरण भई आएका प्रदेश शशर्त अनुदान अन्तर्गतका रु. १० लाख भित्रका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयनका लागि सम्बन्धित वडाहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.न. | शिर्षक | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | गोपान्जली मन्दिर द न पा १ सुजडा बैतडी | १००००००.० | प्रदेश (शसर्त अनुदान) |
| २ | दशरथचन्द न पा १० बैतडी बाराकोट कालापाट मन्दिर पर्खाल तथा गेट निर्माण कार्यक्रम दशरथचन्द न पा | १००००००.० | प्रदेश (शसर्त अनुदान) |
| ३ | बेताल मन्दिर निर्माण सिमलेक द न पा ०८ बैतडी | १००००००.० | प्रदेश (शसर्त अनुदान) |
| ४ | मल्लि आइत बिजय राज मन्दिर घेर बार तथा सौचालय निर्माण द न पा ०५ बैतडी | १००००००.० | प्रदेश (शसर्त अनुदान) |
| ५ | मसानी देवताको भणार घर निर्माण दशरथचन्द ०६ बैतडी | ५०००००.० | प्रदेश (शसर्त अनुदान) |

CamScanner

**<u>निर्णय न.१२</u>**

यस नगरपालिकामा बसोबास गर्ने तपसिल अनुसारका दिर्घ रोगी तथा आर्थिक बिपन्नता भएका नागरिकहरुलाई आवश्यक औषधि उपचार खर्च बापत तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१ चन्द्र देव जोशी द.न.पा.०९ रु. २०,०००/-

२ महेश जोशी द.न.पा.०९ रु. २०,०००/-

३ हिरा सिंह बुडाल द.न.पा.१० रु. १५,०००/-

४ निसान्त लुहार द.न.पा.०१ रु. १५,०००/-

५ कल्पना बोहरा द.न.पा.०२ रु. १५,०००/-

**<u>निर्णय न.१३</u>**

यस नगरपालिकाको साँतौ नगर सभाबाट नगरस्तरीय योजना अन्तर्गत दशरथचन्द नगरपालिका प्रवेश द्वार निर्माणमा रु. ७ लाख र सार्वजनिक शौचालय निर्माण योजनामा रु. ५ लाख बिनियोजन गरिएकोमा उक्त दुवै योजना दशरथचन्द नगरपालिका वडा न. ०१ मा निर्माण गर्ने निर्णय गरियो ।

CamScanner